# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
अर्जुनधारा, झापा
कोशी प्रदेश, नेपाल

प.सं. २०८३/०८४
सूचना नं.

मिति: २०८३/०६/०७

## विपन्न नागरिकहरूको आवास मर्मत सम्बन्धी आवेदन पेश गर्ने बारेको सार्वजनिक सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०६/०७

यस अर्जुनधारा नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने विपन्न, दलित, लोपोन्मुख, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति तथा प्राकृतिक विपद्बाट प्रभावित परिवार हरूको जीर्ण, असुरक्षित र कच्ची आवासलाई मर्मत सम्भार तथा सुदृढीकरण गर्न "विपन्न नागरिकहरुको आवास मर्मत सम्बन्धि कार्यविधि, २०८३" बमोजिम अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको छ। तसर्थ, देहाय बमोजिम योग्यता पुगेका इच्छुक नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजातहरू संलग्न गरी आफ्नो सम्बन्धित वडा कार्यालयमा आवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

१. आवेदन दिने स्थान:

आफ्नो स्थायी बसोबास रहेको सम्बन्धित वडा कार्यालय।

२. आवेदन बुझाउने समयसीमा:

मिति २०८३/०६/२२ गतेसम्म

३. आवेदनको ढाँचा:

इच्छुक विपन्न नागरिकले कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ। (उक्त फारम सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ)।

४. आवेदन दिनका लागि आवश्यक योग्यता:

क) नेपालको नागरिक भई यस अर्जुनधारा नगरपालिकाको स्थायी बासिन्दा भएको हुनुपर्नेछ। परिवारको स्वामित्वमा सोही स्थानमा जीर्ण वा कच्ची घर भएको तर अन्यत्र कतै पनि पक्की वा सुरक्षित घर नभएको हुनुपर्नेछ।

ख) नेपाल सरकार वा प्रदेश सरकारको "जनता आवास" वा अन्य कुनै सुरक्षित आवास योजनाबाट सुविधा नपाएको हुनुपर्नेछ।

ग)नगरपालिका क्षेत्रभित्र जग्गाको भू-स्वामित्व (जस्तैः अध्यावधिक, मालपोत तिरेको रसिद) रहेको हुनुपर्नेछ।

५. आवेदनसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू:

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि (बसाईंसराई गरी आएको हकमा बसाईंसराई दर्ता प्रमाणपत्र)।

ख) जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि।

ग) घर/ आवास स्पष्ट देखिने हालको रंगिन फोटो।

दिनेश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

अर्जुनधारा, झापा
कोशी प्रदेश, नेपाल

प.सं. २०८३/०८४

सूचना नं.

---

६. छनोटमा प्राथमिकता पाउने लक्षित समूहः

लाभग्राही छनोट गर्दा देहायका परिवारलाई क्रमशः प्राथमिकता दिइनेछः

क)'क' वर्गको पूर्ण अपाङ्गता भएका व्यक्ति वा असहाय ज्येष्ठ नागरिक घरमूली भएको परिवार।

महिला वा एकल महिला घरमूली भएको परिवार।

ख)विपन्न, दलित, अल्पसङ्ख्यक, आदिवासी वा लोपोन्मुख समुदाय।

ग) प्राकृतिक विपद् (बाढी, पहिरो, आगलागी, वन्यजन्तु हात्ती लगायत) बाट घर आंशिक क्षति भई बस्न नमिल्ने भएको परिवार।

घ)आश्रित बालबालिका मात्र भएका वा आर्थिक रूपमा पूर्णतः निष्क्रिय रहेका परिवार।

थप जानकारीका लागि आफ्नो सम्बन्धित वडा कार्यालय वा अर्जुनधारा नगरपालिकाको योजना शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

दिनेश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत